नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक

फागुन/चैत्र २०८० (March 2024) वर्ष २७/अङ्क ३०३

## निराशालाई खुशीमा बदल्नु

- पाष्टर सिमोन पाठक

कस्तो अवस्थामा हामी निराश हुन्छौं ? के के कुराहरूले हामीलाई निराश बनाउँछ ?

नसोचेका कुनै घटनाहरू जब जीवनमा घट्छ
नसोचेको कुनै रोग बिमारहरू जब शरीरमा देखा पर्छ
आफूले प्राप्त गर्न खोजेको कुरा जब प्राप्त गर्दैनौं
आफ्नो अपेक्षा भन्दा विपरित कुराहरू जीवनमा हुँदै गयो भने हामीहरू निराश हुन्छौं ।

हामीहरूमध्ये कतिजना आजको दिनमा निराशामा छौं होला ?
हामीहरूमध्ये कतिजना भविष्यका दिनहरूमा निराशामा पर्नसक्छौं ?

**निराशामा पर्दा के गर्ने ?**

दाऊद राजाले करारको सन्दुक किर्यात यारिमबाट यरूशलेममा ल्याउन लाग्दा उज्जाहको मृत्यु भयो । त्यस कुराले दाऊद निराश भए । तर निराशा गराउने त्यस घटनाबाट दाऊदले शिक्षा सिके । २ शमूएल ६:९-२१ पदअनुसार दुईवटा कुराहरू गरेर हामी निराशालाई खुशीमा बदल्न सक्छौं ।

### परमेश्वरको उपस्थितिलाई स्वागत गर्नु

गित्ती ओबेद एदोमले परमेश्वरको उपस्थितिलाई स्वागत गरे । त्यसपछि के भयो ?

परमेश्वरले ओबेद एदोमलाई आशिष दिनुभयो । उनको श्रीमतीलाई आशिष दिनुभयो । उनका छोराछोरीहरूलाई आशिष दिनुभयो । उनका सबै घरानालाई आशिष दिनुभयो । उनको सबैथोकमा आशिष दिनुभयो (२ शमूएल ६:११-१२) ।

परमेश्वरको करारको सन्दुकलाई स्वागत गर्नु अघि उनको अवस्था कस्तो थियो, थाहा छैन । उनको पहिलेको अवस्था जस्तोसुकै भएपनि करारको सन्दुक घरमा लगेर राखेपछि उनका छिमेकीहरूले, साथीभाइहरूले, परिवारले, समाजका मानिसहरूले समेत आशिष देख्नसके । मानिसहरूले ओबेद एदोमको घर आशिष पाएको घर भनेर देख्नसके । उनको घरमा आएको आशिषले दाऊद राजालाई पनि प्रभावित पार्‍यो । उनले पहिलो पल्ट करारको सन्दुक यरूशलेममा लाँदा गरेको गल्ती सुधार गरे । अनि करारको सन्दुकलाई फेरि यरूशलेममा लाने निर्णय गरे । दाऊदको निराशा उत्सवमा परिवर्तन भयो (२ शमूएल ६:१२-२१) ।

**जहाँ परमेश्वरको उपस्थिति हुन्छ, त्यहाँ परिस्थितिहरू परिवर्तन हुन्छन् ।** एकदिन प्रभु येशूका चेलाहरू प्रभु येशूलाई छोडेर माछा मार्न गए । रातभरि जाल हाले, तर एउटा पनि माछा पक्रन सकेनन् । बिहानीपख प्रभु येशू चेलाहरूकहाँ आउनुभयो । जब प्रभुको उपस्थिति भयो, चेलाहरूको निराशा खुशीमा बद्लियो (यूहन्ना २१:६) । पेन्तिकोसको दिनमा परमेश्वरको उपस्थिति आगो र बतासको रूपमा देखापर्‍यो । त्यसपछि चेलाहरूको निराशा खुशीमा परिवर्तन भयो । उनीहरूको डर, साहसमा परिवर्तन भयो । पत्रुसले साहसका साथ प्रचार गरे । तीन हजार मानिसहरू परमेश्वरको राज्यमा थपिए । काना नगरमा विवाह भोजमा दाखरस सकियो । दुलाहा दुलहीको परिवार लाजमा पर्ने अवस्था थियो । प्रभुको उपस्थितिले परिस्थिति परिवर्तन भयो । निराशाको अवस्था खुशीमा बद्लियो ।

हाम्रो जीवनलाई निराश बनाउने संसारमा, घर परिवारमा, मण्डलीमा, सेवकाइमा, काम व्यवसायमा थुप्रै कुराहरू हुनसक्छन् । तर ओबेद एदोमले जस्तै परमेश्वरको उपस्थितिलाई आफ्नो जीवनमा स्वागत गर्नसक्यौं भने, हाम्रा निराशाहरू खुशीमा परिवर्तन हुन धेरै समय लाग्दैन । प्रभु आज मानिसले हातले बनाएको घरमा, भवनमा होइन हाम्रो हृदयमा, आत्मामा बास गर्नुहुन्छ । प्रभुको उपस्थिति बास बस्ने घर डाँकुको ओडार जस्तै भएको छ भने सफा गर्नुपर्छ । क्षमा नदिएका कुराहरू, तीतोपना, इर्ष्या, डाह, घमण्ड, गुटबन्दी, अनैतिक कुराहरू, पापका कामहरूले परमेश्वरको उपस्थिति बास गर्ने हृदय फोहोर हुन्छ । परमेश्वरको उपस्थितिलाई स्वागत गर्न दिँदैन । **परमेश्वरको उपस्थितिलाई स्वागत गर्दै ओबेद एदोमको घर जस्तै हाम्रो जीवन पनि बन्न सकोस् ।**

निराशालाई खुशीमा बदल्ने ओबेद एदोमको घर जस्तै हाम्रो जीवन पनि हुनका लागि हामीले गर्नुपर्ने दोस्रो कुरा हो:

### परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राख्नु

करारको सन्दुक नयाँ गोरू गाडामा राखेर लाने समयमा उज्जाहको मृत्यु भयो । मानिसहरूमा डर छायो । दाऊद राजा निराश भए । अब के गर्ने ? कसरी करारको सन्दुकलाई यरूशलेममा लाने ? कुनै उपाय दाऊद राजाले देखेनन् । त्यस्तो समयमा ओबेद एदोमले करारको सन्दुकलाई आफ्नो घरमा राख्नका प्राथमिकतामा राखे । आफ्नो घरको ढोका खोले ।

तीन महिनामा संसारका सबै मानिसहरूले देख्ने गरी उनको घर घरानामा आशिष आयो । **परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राख्ने मानिसहरू आशिषित हुन्छन् ।** दाऊद राजा हुनासाथ उनले चालेको महत्त्वपूर्ण कदम करारको सन्दुकलाई यरूशलेममा ल्याउनु थियो । परमेश्वरको उपस्थितिलाई यरूशलेममा ल्याउनु उनको पहिलो प्राथमिकता थियो । देश कसरी बचाउने, कति सेनाहरू तयार गर्ने, कहाँ-कहाँ लडाई गर्ने, लडाईको निम्ति कस्तो रणनिति बनाउने उनको पहिलो प्राथमिकता थिएन । उनको प्राथमिकता परमेश्वरको उपस्थितिलाई कसरी यरूशलेममा ल्याउने थियो । किन ? किनकि करारको सन्दुकलाई बेवास्ता गरिएको थियो । **"हाम्रा परमेश्वरको**

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | डाँछी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **फागुन २६ गते** March 9 | एल्डर रत्नमान महर्जन | श्रीमती माया तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन राम ब.तामाङ्ग | श्री सुचन तामाङ्ग | एल्डर सिमोन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन श्रीराम सुर्खेती | श्री विश्वास थापा | डीकन कृष्ण नगरकोटी | एल्डर पेशल राई |
| **चैत्र ३ गते** March 16 | श्री विष्णु देउला | एल्डर सुरेश पुर्कुटी | डीकन युसुफ श्रेष्ठ | श्री शम्भू दंगाल | श्रीमती निशा तामाङ्ग | डीकन ध्रुव घिमिरे | पाष्टर रूबेन श्रेष्ठ | एल्डर रूद्र राई | पाष्टर अशोक मुखिया | एल्डर भुवन देवकोटा | पाष्टर घनश्याम दाहाल |
| **चैत्र १० गते** March 23 | पाष्टर सिमोन पाठक | डीकन कान्छा श्रेष्ठ | डीकनेस् शिला राई | एल्डर बागमान तामाङ्ग | एल्डर दिनेश न्यौपाने | एल्डर सीता गुरूङ्ग | डीकन सिमोन भण्डारी | पाष्टर शरण राई | श्री जीवन खालिङ | एल्डर यमदेवी पोख्रेल | पाष्टर प्रेम श्रेष्ठ |
| **चैत्र १७ गते** March 30 | यूथ | श्री सरुष तामाङ्ग | श्री सामुएल तामाङ्ग | डीकन भुपाल लामा | श्री मिन ब. तामाङ्ग | पाष्टर घनश्याम दाहाल | श्री सुक्रराम तामाङ्ग | एल्डर बाबुराम के.सी. | श्री जीवन खालिङ | जवान | एल्डर पेशल राई |
| **चैत्र २४ गते** April 6 | पाष्टर अशोक मुखिया | डीकन राजु तामाङ्ग | श्रीमती सुशिला नेवा | श्री माया लामा | एल्डर मन ब. मगर | पाष्टर बि.बि. खवास | पाष्टर रूबेन श्रेष्ठ | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर आनन्द न्यौपाने | पाष्टर प्रेम श्रेष्ठ |

**सन्दुक हामी ल्याऔं, किनकि शाऊल बाँचुन्जेल हामीले कहिल्यै त्यसको वास्ता गरेनौं "** (१ इतिहास १३:३) ।

परमेश्वरको उपस्थितिलाई आज यरूशलेममा होइन, हाम्रो दिन दिनको जीवनमा, हाम्रो हृदयमा, हाम्रो परिवारमा, हाम्रो घरमा, हाम्रो मण्डलीमा, हाम्रो प्रचारमा, हाम्रो आराधनामा, हप्ताको बीचमा हुने हाम्रा संगतिहरूमा, हामीले गर्ने सबै काम, क्रियाकलापहरूमा राख्न आवश्यक छ ।

परमेश्वरको उपस्थितिलाई दोस्रो, तेस्रो प्राथमिकतामा राखेर हामीहरू पहिलो बन्न सक्दैनौं । परमेश्वरको उपस्थितिलाई पुच्छरमा राखेर हामी शिर बन्न सक्दैनौं । **यदि हामीले परमेश्वरको उपस्थितिलाई पहिलो प्राथमिकतामा राख्यौ भने त्यहाँ आशिष बग्न सुरू गर्नेछ ।**

के हाम्रो जीवनमा, परिवारमा, मण्डलीको आराधनामा, वचनको सेवकाइमा, घर घरमा हुने संगतिहरूमा, बाइबल अध्ययनहरूमा, पारिवारिक वेदीमा, हामीले गर्ने सबै क्रियाकलापहरूमा परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राखेका छौं ?

मोशाले परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राखेका थिए । "तब मोशाले उहाँलाई भने, **यदि तपाईंको उपस्थिति हामीसित गएन भने हामीलाई यहाँबाट उता नलानुहोस्"** (प्रस्थान ३३:१५) । हामीहरू सफलता खोज्ने मानिसहरू हौं । सफलता प्राप्त गर्ने दौडमा कतिपटक परमेश्वरको उपस्थितिलाई बिर्सन पुग्छौं । विद्यार्थीहरू पढाई-पढाई भनेर परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राख्न बिर्सन्छन् । काम गर्नेहरू, काम-काम, पैसा-पैसा भन्दै परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राख्न बिर्सन्छन् । संसारका विभिन्न क्षेत्रहरूमा प्रभुको नाउँमा सेवा गर्नेहरू सेवा-सेवा भनेर परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राख्न बिर्सन्छन् । तर ओबेद एदोमले, राजा दाऊदले, मोशाले परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राखेका थिए ।

**परमेश्वरको उपस्थितिलाई प्राथमिकतामा राख्नेहरूले परमेश्वरलाई आफूले भनेको ठाउँमा आउनलाई भन्दैनन् । परमेश्वरको भन्नुभएको ठाउँमा उनीहरू जान्छन् । आफूले चाहेका कुराहरू गर्नलाई भन्दैनन् तर परमेश्वरले चाहनुभएका कुराहरू गर्नलाई तयार हुन्छन् ।**

दाऊद राजाले करारको सन्दुकलाई मानिसहरू पठाएर यरूशलेममा ल्याउन भनेनन् तर उनी आफै करारको सन्दुक भएको ठाउँमा गए । मोशाले सीनै पर्वतमा परमेश्वरलाई तल आउनु भनेनन् तर उनी आफै परमेश्वरले भन्नुभएअनुसार सीनै पर्वतमा उक्लेर गए । विश्वासका पिता अब्राहाम परमेश्वरको आराधना गर्न परमेश्वरले भन्नुभएको ठाउँमा मोरियाहको डाँडामा गए ।

किन ? किनकि परमेश्वर उनीहरूको जीवनमा पहिलो प्राथमिकतामा हुनुहुन्थ्यो । संसारको उच्च पदमा भएका मानिसहरूलाई भेटनका लागि हामीहरू कति धेरै प्राथमिकतामा राख्छौं ? मानिसलाई सृष्टि गर्नुहुने, स्वर्ग र पृथ्वीको मालिक, हामीलाई आशिष दिनुहुने परमेश्वरलाई भेट्नका लागि हामीले त्योभन्दा बढी प्राथमिकतामा राख्नुपर्दैन र ? दिन दिनको जीवनमा, वचन पढ्न, प्रार्थना गर्न, आराधना गर्न, उहाँको कुरा सुन्न, उहाँको सेवा गर्न प्राथमिकताको तहमा हामी कहाँ छौं ?

निराशालाई खुशीमा बदल्ने ओबेद एदोमको घर जस्तै हाम्रो जीवन पनि हुनका लागि परमेश्वरको उपस्थितिलाई सधैं स्वागत गरौं र उहाँको उपस्थितिलाई सधैं प्राथमिकतामा राखेर आशिषित जीवनको स्रोत बन्दै प्रभुको महिमा गरौं । आमेन ।

## हार्दिक बधाई



माघ २२ गते/फरवरी ५ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री रोशन मगर र सुश्री विनीता थापाको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ २९ गते/फरवरी १२ तारिख, सोमबार नेइम जोरपाटी चाँगु चर्चको सदस्य सुश्री राम्री तामाङ्ग र इम्मानुएल चर्च, भक्तपुरको सदस्य श्री दिलकुमार लामाको नेइम चाँगु चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फागुन २६ गते<br>March 9 | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>सलोमी दों | डीकन<br>अमृत लामा | एल्डर<br>कृष्ण तामाङ्ग | डीकन<br>कृष्ण श्रेष्ठ | डीकन<br>उमेश मगर | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू | श्री<br>प्रेम गुरूङ्ग | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>राजु श्रेष्ठ |
| चैत्र ३ गते<br>March 16 | श्री<br>फुर्का तामाङ्ग | एल्डर<br>पेशल राई | एल्डर<br>सागर थापा | एल्डर<br>गोपी राई | डीकनेस्<br>उषा गौतम | श्री<br>तेज जिरेल | एल्डर<br>अष्ट श्रेष्ठ | श्री<br>कुमार सेन्चुरी | एल्डर<br>पिटर लिम्बू | डीकन<br>सुक्रराज घिमिरे | डीकन<br>अनिल आले |
| चैत्र १० गते<br>March 23 | एल्डर<br>लाक्पा लामा | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | श्री<br>विकाश श्रेष्ठ | डीकन<br>कृष्ण श्रेष्ठ | डीकन<br>उमेश मगर | श्रीमती<br>देवकी लामा | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>बी.एन पण्डित | डीकन<br>अनिल आले | डीकन<br>डि.बि. राई |
| चैत्र १७ गते<br>March 30 | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>रुष तामाङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | डीकन<br>अमृत लामा | जवान | जवान | जवान | जवान |
| चैत्र २४ गते<br>April 6 | एल्डर<br>लाक्पा लामा | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | संयुक्त सेवा<br>गाम्चा चर्च | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>बेन्जामिन तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>जोरविर राई |

## जानकारी



फागुन ५ गते/फरवरी १७ तारिख शनिबार लमजुङ्ग, सानो काभ्रेमा श्री दूतराज गुरूङ्गलाई पाष्टर अभिषेक गरियो ।



नयाँ बजार बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती रेबिका राई ६६ वर्षको उमेरमा माघ २४ गते/फरवरी ७ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



नयाँ वानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री शरण बस्नेत ४१ वर्षको उमेरमा फागुन २ गते/फरवरी १४ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



नयाँ वानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती बबि (नम्बन) कार्की ५३ वर्षको उमेरमा फागुन १० गते/फरवरी २२ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

## विशेष प्रार्थना

१. देशका उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको लागि ज्ञान-बुद्धि, एकता, मेल मिलाप मागिदिऔं ।

२. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपको कारण दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. प्रभुको नाउँको विरूद्ध खडा भएका र प्रभुको नाउँको खातिर प्रभुको जनहरूको विरुद्ध खडा भई दुःख-कष्ट दिने, यातना दिने, खेदो निन्दा गर्ने र सतावट दिने व्यक्तिहरूको प्रभु येशूसँग जम्का भेट हुन सकोस् र उनीहरूले पनि प्रभु येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो हृदयमा बोलाउन सकून् ।

५. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा ख्रीष्ट प्रभुलाई चिन्न सकून् ।

६. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै (झूटा) शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

७. काम र पढाइको लागि विभिन्न देशहरूमा जानुभएका विश्वासीहरूले आफ्नो व्यस्तताको कारण प्रभुलाई बिर्सन नसकून् साथै कुनै न कुनै संगतिमा रहेर परमेश्वरलाई महिमा दिन सकून् ।

८. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 3<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष् अगुवाइ मागौं ।<br>यशैया ४५:१-४ | २७ 10<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | ४ 17<br>नेइम परिषद्का गुरुजनहरूले पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ११ 24<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:२३-२४ | १८ 31<br>नेइमका सबै अगुवाहरूले आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ॥<br>मत्ती २८:१८-२० |
| **सोमबार**<br>Monday | २१ 4<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २८ 11<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | ५ 18<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ | १२ 25<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ | १९ April 1<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |
| **मंगलबार**<br>Tuesday | २२ 5<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ पत्रुस ५:८-१० | २९ 12<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ६ 19<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:२२-२५ | १३ 26<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ | २० 2<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>हिब्रू १२:१ |
| **बुधबार**<br>Wednesday | २३ 6<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | ३० 13<br>अधुरो रूपमा आइराख्नुभएका-हरूले आफ्नो परिवारमा असल साक्षीको जीवन जिएको कारणले उहाँहरूको परिवार प्रभुको राज्यमा आउन सकून् ।<br>२ कोरिन्थी २: १४-१५ | ७ 20<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | १४ 27<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | २१ 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्य-हरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार**<br>Thursday | २४ 7<br>मण्डलीका सबै बालबालिकाहरू सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयार हुन सकून् ।<br>१ शमूएल ३:१-१० | १ चैत्र 14<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३७:३-५ | ८ 21<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | १५ 28<br>मण्डलीमा भएका एकल महिला र पुरुष साथै पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:३-४ | २२ 4<br>मण्डलीका सबै आमा बुवा आफ्ना छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९ |
| **शुक्रबार**<br>Friday | २५ 8<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>रोमी १४:१९ | २ 15<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | ९ 22<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ | १६ 29<br>मण्डलीका विश्वासीहरू परमेश्वरलाई साँचो हृदयले प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१० | २३ 5<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |
| **शनिबार**<br>Saturday | २६ 9<br>परमेश्वरका छोराछोरीहरू जुन बोलावटमा बोलाइएका छन् त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | ३ 16<br>सरकारी तथा गैह्र सरकारी संस्थामा काम गरिराख्नुभएको सम्पूर्ण विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ६:५-८ | १० 23<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १७ 30<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८, २:४२-४७ | २४ 6<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ |

**यसैकारण परमप्रभु यसो भन्नुहुन्छः "यदि तैंले पश्चात्ताप गरिस् भने, म तँलाई फेरि स्थापित गर्नेछु, कि तैंले मेरो सेवा गर्न सकोस् । यदि तैंले चाहिँदो कुरा बोलिस् र व्यर्थका कुरा गरिनस् भने, तँ मेरो वक्ता हुनेछस् । यी मानिसहरू तँतिर फर्कून्, तर तँचाहिँ तिनीहरूतिर नजानू । म तँलाई यस प्रजाको निम्ति काँसाको बलियो किल्ला भएको पर्खाल बनाउनेछु । तिनीहरू तेरो विरुद्धमा लडाइँ गर्नेछन् तर तँमाथि विजयी हुनेछैनन्, किनकि तँलाई बचाउन र उद्धार गर्नलाई म तँसित छु," परमप्रभु भन्नुहुन्छ । "दुष्टहरूका हातदेखि म तँलाई बचाउनेछु, र निष्ठुरहरूका पन्जादेखि म तँलाई छुटाउनेछु ।"**

**यर्मिया १५:१९-२१**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नंः ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,